नमकवानपुगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

म[illegible]चुली, मकवानपुर

## शिक्षक सरुवा सम्बन्धि कार्यविधि २०८१

**प्रस्तावना**

*मकवानपुरगढी गाउपालिकाको* गाँउ शिक्षा ऐन २०७४ को दफा ३८ (२ र ३। अधिनमा रही यस गाँउपालिका क्षेत्र भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको सरुवालाई व्यबस्थित गर्न गाउँ शिक्षा समितिको बैठकबाट भएको सिफारिसको आधारमा गाउँ कार्यपालिकाको मिति २०८१ कार्तिक २८ गते बसेको बैठकको निर्णयले यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

**१. संक्षिप्त नाम प्रारम्भ र प्रयोग**

क। यो कार्यविधिको नाम मकवानपुगढी गाँउपालिकाको शिक्षक सरुवा सम्बन्धी कार्यविधि २०८१ रहेको छ ।

ख। यो कार्यविधि मकवानपुगढी गाँउपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका स्थायी दरबन्दी, अस्थायी दरबन्दी र राहत अनुदान कोटामा कार्यरत शिक्षकको सरुवा गर्न गर्ने प्रयोजनमा लागु हुनेछ।

ग। यो कार्यविधि कार्यपालिकाले *स्वीकृत गरी राजपत्रमा प्रकाशित भएको* मिति देखि लागु हुनेछ ।

**२. परिभाषा**

क। "ऐन" भन्नाले *मकवानपुरगढी गाउपालिकाको* गाँउ शिक्षा ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ख। अध्यक्ष भन्नाले गाँउ पालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

ग। गाँउ शिक्षा समिति भन्नाले *मकवानपुरगढी गाउपालिकाको* गाँउ शिक्षा ऐन, २०७४ को परिच्छेद ४, दफा १५ वमोजिमको समितिलाई सम्झनु पर्दछ ।

**३.सरुवाको आधार तथा कार्यविधि**

गाँउपालिका भित्र शिक्षक सरुवा गर्दा देहायको आधार तथा कार्यविधि अवलम्बन गरी सरुवा गरिनेछ ।

**३.१ सरुवाको आधार**

क। प्राथमिक तहमा शिक्षक सरुवा गर्दा तह मिल्ने गरी तथा निम्म माध्यमिक र माध्यमिक तहमा अध्यापन गर्ने विषय मिल्ने गरी सरुवा गर्नु पर्नेछ।

ख। स्थायी दरबन्दीमा कार्यरत शिक्षकको सरुवा गर्दा सोही तह र विषयको स्थायी दरबन्दी भएको स्थानमा मात्र सरुवा गर्नु पर्नेछ।

ग। अस्थायी दरबन्दीमा कार्यरत शिक्षकको सरुवा गर्दा तह र विषय मिल्ने गरी अस्थायी दरबन्दी रहेको स्थानमा मात्र सरुवा गर्नु पर्नेछ।

घ। राहत अनुदान कोटामा कार्यरत शिक्षकको सरुवा गर्दा तह र विषय मिल्ने गरी राहत अनुदान कोटामा मात्र सरुवा गर्नु पर्नेछ ।

ङ। एउटै विद्यालयमा निरन्तर पाँच वर्षसम्म सेवा गरेका शिक्षकहरुलाई गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई जानकारी नगराई आवश्यक्ता अनुसार गाउँपालिकाभित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ।

च। दरबन्दी मिलान गर्ने क्रममा कुनै विद्यालयमा आवश्यकता भन्दा बढी शिक्षक गाँउ शिक्षा समितिको बैठकले निर्णय गरे वमोजिम शिक्षक सरुवा गरी दरबन्दी मिलान गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

छ) कुनै शिक्षकको नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहदा विद्यालयको शैक्षिक बातावरण खलबलिएको वा खलवलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट तथा वडा कार्यालयबाट निर्णय सहित सिफारिस भई आएमा ।

ज) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पुरा नगरेको भनी सम्बन्धीत विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा समितिको बैठकको निर्णय सहित सिफारिस भइ आएमा गाँउ शिक्षा समितिको निर्णय अनुसार सरुवा गर्न सक्नेछ ।

झ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञ सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा शिक्षक सरुवा गर्न सकिनेछ ।

ञ) शिक्षक सरुबा गर्दा अपाङ्गता भएका र महिला शिक्षकलाई पायक पर्ने विद्यालयमा सरुवा गर्नुपर्ने भएमा तर नैतिक आचरण ठिक नभएको र विद्यालयको शैक्षिक गतिविधिलाई बाधा पुर्‍याएको खण्डमा यो प्रावधान मान्य हुने छैन ।

ट) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थायी नियुक्ती भई परीक्षण कालमा रहेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन साथै सरुवा हुन सहमति समेत प्रदान गरिने छैन।

**३.२ सरुवाको कार्यविधि**

क) ऐनको दफा ३८ को उप दफा २ अनुसार एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन चाहने शिक्षकले सरुवा हुन पर्नाको कारण खुलाई गाँउ शिक्षा समिति अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

ख) गाउँ शिक्षा समित अध्यक्ष समक्ष प्राप्त भएको सरुवा निवेदन शिक्षा शाखामा आवश्यक कार्यार्थ पठाइनेछ ।

ग) ऐनको दफा ३८ को उप दफा २ अनुसार एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक सरुवा गर्दा सरुवा भई आउने र जाने विद्यालय व्यवस्थापन समिति र सम्बन्धित वडा समितको सहमति सहित निवेदन प्राप्त हुन आएमा शिक्षा शाखा मार्फत गाँउ शिक्षा समितिको बैठकमा आवश्यक निर्णयार्थ पेश गर्नुपर्नेछ ।

घ) सरुवा गर्ने/नगर्ने अन्तिम अधिकार गाउँ शिक्षा समितिमा निहित रहनेछ ।

ङ) ३८ को उप दफा ३ अनुसार गाँउ शिक्षा समितिले कुनै शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा निजको सहमति बिना पनि गाँउ शिक्षा समितिको बैटकको निर्णयबाट सरुवा गर्न सकिनेछ।

च) गाउ शिक्षा समितिको निर्णय अनुसार सरुवा काजको पत्र निर्णय भएको मितिले तीन दिन भित्र सदस्य सचिवले जारी गर्नेछ ।

४) यो कार्यविधि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

५) यो कार्यविधिमा आवश्यकता अनुसार कार्यपालिकाको बैठकले संशोधन परिमार्जन तथा खारेज गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत